# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists

मिति : २०७५।०३।१२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ लोकतन्त्र, मानवअधिकार, स्वतन्त्र न्यायालय, विधिको शासन र प्रेस स्वतन्त्रताप्रति सधैं प्रतिवद्ध रहँदै आएको छ ।

केही दिनयता समाजिक सञ्जाल र केही सञ्चारमाध्यममा व्यक्त आरोप-प्रत्यारोप र टिकाटिप्पणीहरूप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ । महासंघ आमसञ्चारकर्मी साथीहरूलाई सञ्चारमाध्यममा समाचार सामग्री प्रवाह गर्दा पेशागत मर्यादा र पत्रकार आचारसंहिताको ख्याल गर्दै जिम्मेवार बन्न अपिल गर्दछ । साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा सामाजिक सदभावप्रति सजग बन्दै पेशागत मर्यादामा ध्यान पुऱ्याउन आग्रह गर्दछ ।

सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचार सामग्रीकै आधारमा पत्रकारहरूलाई पक्राउ गर्ने तथा हिरासतमा राख्ने जस्ता कार्य प्रेस स्वतन्त्रताविरुद्धको कार्य हो भन्ने महासंघको ठहर छ । सञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीमा चित्त नबुझे अदालत वा प्रेस काउन्सिल समक्ष उजुरी गर्न महासंघ सम्बन्धित सबैमा आग्रह गर्दछ । साथै, प्रेस स्वतन्त्रता, पत्रकारको व्यावसायिक र पेशागत सुरक्षा एवं कर्तव्यप्रति सचेत र जिम्मेवार बन्नसमेत सबै सरोकारवाला निकायलाई महासंघ ध्यानाकर्षण गराउँदछ ।

**रमेश विष्ट**
**महासचिव**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org